प्रदेश सरकार
उद्योग कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, पाँचथर**
कोशी प्रदेश नेपाल

फोन नं.: ०२४- ५२२१३०, ५२०४६८
इमेल :akcpachthar@gmail.com
वेभः panchthar.akc.gov.np

सूचना नं.-४ - २०८०/०८१

## प्रस्ताव आव्हान सम्बन्धि सूचना ।

**तेस्रो पटक प्रकाशित मिति २०८०/०८/२९**

कृषि ज्ञान केन्द्र, पाँचथरको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि ब्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८", बमोजिमका शर्तहरु पालना गरि तपशिलका कार्यक्रम कार्यन्वयनका लागि पाँचथर जिल्ला भित्रका ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारी संस्था/ कृषि उद्यमी/ कृषि फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (२०८०/०९/०५ गते सम्म) तोकिएको ढाँचामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन । थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०२४५२२१३०/ ९८५२६८२४६८ मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा यस कार्यालयको वेभसाइट panchthar.akc.gov.np बाट कार्यक्रम कार्यन्वयन सम्बन्धि ऐन, नियमावली र मापदण्ड डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

**<u>कार्यक्रमको बिवरण</u>**

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम लक्ष्य | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत प्रति कार्यक्रम | प्रस्ताव पेश गर्न सक्ने साझेदार | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | २ | लागतको अधिकतम ७५% बढीमा ३ लाख | कृषक समुह/ कृषि सहकारी/ कृषि फर्म | फिदिम न.पा. र हिलिहाङ्ग गा.पा. |
| २ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | १० | लागतको अधिकतम ७५% बढीमा १ लाख | महिला दलित विपन्न तथा पिछडिएको समुदाय | पाँचथर जिल्ला भरी |
| ३ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ३ | लागतको अधिकतम ७५% बढीमा ३ लाख | कृषक समुह/ कृषि सहकरी/ कृषि फर्म | पाँचथर जिल्ला भरी |
| ४ | कफी खेति विस्तार कार्यक्रम | ५ | लागतको अधिकतम ७५% बढीमा २.५ लाख | कृषक समुह/ कृषि सहकारी/निजि उद्यमि फर्महरु | पाँचथर जिल्ला भरी |
| ५ | गडयौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधार कार्यक्रम (भकारो सुधार) | १ | लागतको अधिकतम ७५% बढीमा ५ लाख | कृषक समुह/ कृषि सहकारी (२० जनाको क्लस्टर हुनु पर्ने) | पाँचथर जिल्ला भरी |

प्रदेश कुमार चौधरी

प्रदेश सरकार
उद्योग कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, पाँचथर**
कोशी प्रदेश नेपाल

फोन नं.: ०२४- ५२२१३०, ५२०४६८
इमेल :akcpachthar@gmail.com
वेभ: panchthar.akc.gov.np

सूचना नं.-४ - २०८०/०८१

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

१. रु.१० को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचा अनुसूची २ बमोजिम आवेदन र प्रस्तावना।

२. संस्थागत (समूह, सहकारी, फर्म, समिति आदि) ले प्रति आवेदन रु. २०० र व्यत्तिगत कृषकको हकमा प्रति आवेदन रु. १०० को भौचर नेपाल बैक लि. को खाता नं. २७००२००००१००१००००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३१२०१०२०११ मा आवेदन दस्तुर बापत जम्मा गरि सोको सकल भौचर पेश गर्नु पर्नेछ।

३. सम्बन्धित कृषक समुह/संस्था/फर्म को दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४. समुह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी र गत आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

५. कृषि सहकारी/निजि उद्यमी/कम्पनिको हकमा गत आ.व. २०७९/८० को लेखा परिक्षण प्रतिबेदनको प्रमाणित प्रतिलिपी ।

६. स्थानिय तहको कृषि विकास शाखाको सिफारिस।

७. कार्यक्रमसंचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनी पुर्जा र जग्गाधनीको नागरीकता वा भाडाको जग्गा खेति भएमा ५ वर्ष र स्थाई संरचनाको लागि कम्तिमा १० वर्षको सम्झौतानामा।

८. निवेदकको नागरीकता वा परिचय खुल्ने प्रमाणपत्र र बैठक निर्णयको प्रतिलिपि ।

९. आवेदकले दोहोरो पर्ने गरि यसै कार्यका लागी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र।

१०. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाण पत्रको प्रतिलिपि।

*नोटः- थप जानकारीका लागी कृषि ज्ञान केन्द्र पाँचथरको सम्पर्क नं. ०२४५२२१३०/९८५२६८२४६८ वा कार्यालयको वेभसाइट panchthar.akc.gov.np बाट आवश्यक फारमहरु र कार्यबिधि डाउनलोड गरी हेर्न सकिनेछ साथै आवेदकले बिगत ३ वर्षमा बिभिन्न सरकारी निकाय/ कार्यालयहरु र अन्य आयोजनाबाट ५ लाख वा सो भन्दा बढी अनुदान प्राप्त गरेको देखिएमा आवेदकहरुको प्रस्तावना आवेदन दर्ता नहुने समेत जानकारी गराइन्छ ।*

महेश कुमार चौधरी